बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०७९ साल असार महिनाको ३० गते बिहिवार का दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा बिभिन्न विषयमा नगर पालिकाको पाचौं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :—

| | | | |
|---|---|---|---|
| १, | प्रमुख | | श्री गुमान सिंह अर्याल |
| २, | उप – प्रमुख | | श्री पद्मा गुरुङ |
| ३, | प्र· प्र· अधिकृत | | श्री इमनाथ कडेल |
| ४, | वडा अध्यक्ष वडा नं· | (१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| ५, | — " — | (२) | श्री मदन बहादुर राना |
| ६, | — " — | (३) | श्री चित्र बहादुर दनाई |
| ७, | — " — | (४) | श्री गम बहादुर गुरुङ |
| ८, | — " — | (५) | श्री इन्द्र बहादुर गुरुङ |
| ९, | — " — | (६) | श्री प्रकाश थापा |
| १०, | — " — | (७) | श्री कृषिराम बस्नेत |
| ११, | — " — | (८) | श्री पवित्रा थापा राना |
| १२, | — " — | (९) | श्री खुशिजङ गुरुङ |
| १३, | — " — | (१०) | श्री गंगा बहादुर थापा |
| १४, | — " — | (११) | श्री शिव प्रसाद जोशी |
| १५, | कार्यपालिका सदस्य | | श्री हिरालाल विश्वकर्मा |
| १६, | — " — | | श्री श्रीनाथ दुलाल |
| १७, | — " — | | श्री कल्पना थापा बोहरा |
| १८, | — " — | | श्री बुना कुमारी रिमाल |
| १९, | — " — | | श्री विमला न्यौपाने अधिकारी (अनुपस्थिति) |
| २०, | — " — | | श्री सुकमाया गुरुङ |
| २१, | — " — | | श्री सुकमाया क्षेत्री |
| २२, | — " — | | श्री मनिता परियार |

सहजकर्ता कर्मचारी :—

| | | |
|---|---|---|
| २३, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| २४, | ना·सु· (सहायकस्तर पाचौं) | श्री गोबिन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०७९ असार ३० गतेको बैठकका प्रस्तावहरु***

- अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
- कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
- उद्यम विकास सहजकर्ताहरुको म्याद थप सम्बन्धमा ।
- प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा ।
- चालु आवको बार्षिक समीक्षा
- योजना कार्यान्वयन कार्यतालिका सम्बन्धमा
    - उपभोक्ता समिति गठन गर्ने अवधी
    - योजनाहरुको लागत इष्टिमेट तयार गर्ने अवधी
    - योजनाहरुको संझौता समयावधी
    - योजना सम्पन्न गरिसक्नु पर्ने अवधी
- जग्गाको बर्गिकरण सम्बन्धमा ।
- राष्ट्रिय भूमि आयोगसंग गरिएको सहमति सम्बन्धमा ।
- भुक्तानी दिन बाँकी योजनाहरुको सम्बन्धमा ।
- स्वास्थ्यको स्वीकृत दरबन्दीतर्फ रिक्त पदमा करारमा पदपूर्ती गर्ने सम्बन्धमा ।
- पूर्व जनप्रतिनिधिहरुको सम्मान कार्यक्रम सम्बन्धमा ।
- जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा ।
- विविध
    - ल्याव असिस्टेन्टहरुको जिम्मेवारी हेरफेर सम्बन्धमा ।
    - प्राविधिक धार सञ्चालनको लागि सिफारिश सम्बन्धमा ।
    - घ वर्गको निर्माण व्यवसायीको इजाजत प्रदान गर्ने सम्बन्धमा ।
    - विजेता खेलाडीहरुलाई सम्मान सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं. १: अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

२०७९।०३।३० गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

बेशीसहर नगरपालिकामा अस्थायी तथा करार सेवामा कार्यरत अनुसूचीमा संलग्न कर्मचारीहरुको मात्र अस्थायी तथा करार सेवाको म्याद २०७९ साउन १ गतेबाट लागु हुने गरी २०७९ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ३ : उद्यम विकास सहजकर्ताको म्याद थप सम्बन्धमा ।**

बेशीसहर नगरपालिकामा लघु उद्यम विकास कार्यक्रम अन्तर्गत करार कार्यरत उद्यम विकास सहजकर्ता अञ्जु राना र रिहाकुमारी थापामगरको करार सेवाको म्याद २०७९ साउन १ गतेबाट लागु हुने गरी २०७९ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा ।**

बेशीसहर नगरपालिकाको प्रेस सल्लाहकार कृष्ण केसीको करार सेवाको म्याद २०७९ साउन १ गतेबाट २०७९ पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : बार्षिक समीक्षा सम्बन्धमा ।**

बेशीसहर नगरपालिकाको चालु आ.व. २०७८।७९ को योजना तथा कार्यक्रमको बार्षिक प्रगति समीक्षा २०७९ भाद्र १५ गतेभित्र सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :समीक्षा तथा योजना कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको एघारौ नगरसभाको बैठकबाट स्वीकृत भएका आ.व. २०७९।८० को योजना कार्यान्वयन तालिका देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

| क्र.सं | विवरण | कार्यसम्पन्न गर्नुपर्ने अवधी | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | २०७९ भाद्र मसान्त भित्र | |
| २. | योजनाहरुको लागत इष्टिमेट तयार | २०७९ असोज मसान्त भित्र | |
| ३ | योजना संझौता | २०७९ मंसिर मसान्त भित्र | |
| ४. | योजना सम्पन्न गरिसक्नु पर्ने अवधी | २०८० बैशाख १५ गते भित्र | |
| ५. | विस्तृत डिजाइन र लागत अनुमान तयार गरी ठेक्का बन्दोबस्तीतर्फका योजनाहरुको बोलपत्र आह्वान | २०७९ भाद्र १५ गते भित्र | |
| ६ | बोलपत्र मूल्यांकन गरी ठेक्का संझौता | २०७९ असोज मसान्त भित्र | |
| ७. | कार्यादेश तथा ठेक्का सम्झौताको काम शुरु | ठेक्का सम्झौता भएको १५ दिन भित्र | |

**निर्णय नं. ७ : जग्गाको बर्गिकरण सम्बन्धमा ।**

नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं १६४० मिति २०७९।०२।२७ को प्राप्त पत्रानुसार स्थानीय भू उपयोग परिषदले भू उपयोग ऐन २०७६ र नियमावली २०७९ ले तोकेको मापदण्डका आधारमा जग्गालाई कृषि क्षेत्र र गैह्र कृषि क्षेत्रमा बर्गिकरण गर्नु पर्ने र सोही निर्णय वमोजिम मात्र स्थानीय तहले कित्ताकाट प्रयोजनका लागि सिफारिश गर्नुपर्ने भन्ने भए वमोजिम सवै वडाहरुले जग्गालाई कृषि र गैह्र कृषि क्षेत्रमा बर्गिकरण गरी आगामी कार्यपालिका बैठक समक्ष पेश गर्ने निर्णय गरियो ।



गुमान सिंह अर्याल
नगर प्रमुख

**निर्णय नं. ८ : राष्ट्रिय भूमि आयोगसंग गरिएको सहमति सम्बन्धमा ।**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा वितरण गर्ने र अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि नेपाल सरकार राष्ट्रिय भूमि आयोग र बेसीशहर नगरपालिका विच मिति २०७९।३।२९ मा भएको कार्य सहमतिलाई अनुमोदन गर्ने निर्णय गरियो । साथै नगरपालिकाको तर्फबाट पुरा गर्नु पर्ने जिम्मेवारी क्रमश: पुरा गर्ने प्रतिवद्धता व्यक्त गरियो ।

**निर्णय नं. ९ : भुक्तानी दिन बाँकी योजनाहरुको सम्बन्धमा ।**

चालु आ.व. २०७८।७९ का स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये कार्य सम्पन्न भै प्राविधिक मूल्यांकन तथा आवश्यक कागजात सहित समयमै कार्यालयमा पेश हुन आएका तर २०७९ असार २५ गते रातीबाट लेखाको सुत्र प्रणाली बन्द भएको कारण भुक्तानी दिन बाँकी रहेका योजनाहरुको भुक्तानी आगामी आ.वको अ.ल्या बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १० :स्वास्थ्यको स्वीकृत दरबन्दीतर्फ रिक्त पदमा करारमा पदपुर्ती गर्ने सम्बन्धमा ।**

स्वास्थ्यतर्फका स्वीकृत दरबन्दीहरुमा रिक्त रहेका पदहरुमा लोकसेवा आयोगबाट सिफारिश भई नआउन्जेल सम्मको लागि करार सेवामा पदपूर्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११ : जनप्रतिनिधिहरुको सम्मान कार्यक्रम सम्बन्धमा ।**

बेसीशहर नगर कार्यपालिकाका निवर्तमान पदाधिकारी तथा सदस्यहरुले आफ्नो कार्यकाल सफलतापूर्वक निर्वाह गर्नु भएको अवसरमा कार्यपालिकाको नयाँ जनप्रतिनिधिहरुको तर्फबाट सम्मान कार्यक्रमको आयोजना गरी सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ : जिम्मेवारी प्रदान गर्ने सम्बन्धमा ।**

नगर प्रमुख आफ्नो व्यक्तिगत कामको सिलसिलामा यही २०७९ साउन ६ गतेदेखि नेपाल बाहिर जानुपर्ने भएको हुँदा नगर प्रमुख फर्केर नआएसम्मको लागि नगर उपप्रमुखलाई विपद्जन्य तथा अन्य भैपरि आउने घटनाहरुमा तत्काल आर्थिक राहत सहयोग उपलब्ध गराउनु पर्ने अवस्थामा तोक आदेश मार्फत निर्णय लिन सक्ने अधिकार सहितको कार्यवाहक नगर प्रमुखको जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३ : ल्याव असिस्टेन्टहरुको जिम्मेवारी हेरफेर सम्बन्धमा ।**

साविक चितीथला हेल्थपोष्ट र उदिपुर हेल्थपोष्ट दुवै स्वास्थ्य चौकी हेर्ने गरी कार्यरत ल्याव टेक्निसियनलाई चितीथला हेल्थपोष्टमा मात्र काम गर्ने गरी खटाउने र नगरपालिकामा कार्यरत ल्याव टेक्निसियनलाई नगरपालिका र उदिपुर हेर्ने गरी खटाउने निर्णय गरियो ।

**निर्णय नं. १४ : प्राविधिक धार सञ्चालनको लागि सिफारिश/अनुरोध सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं १ स्थित जनकल्याण माध्यमिक विद्यालय उदिपुरमा प्राविधिक धारको कक्षा सञ्चालन गर्न विभिन्न सूचकहरुको आधारमा उपयुक्त र आवश्यक देखिएको हुँदा आगामी आर्थिक वर्षबाट कक्षा ९-१२ ढाँचामा कम्प्युटर इन्जिनियरिङ विषयको प्राविधिक धार सञ्चालन गर्न आवश्यक सहयोग हुने



गुमति सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०७९/०३/३० गतेको बैठक

व्यवस्थाको लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्राविधि मन्त्रालयमा सिफारिशका साथ अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५ : घ वर्गको निर्माण व्यवसायीको इजाजत प्रदान गर्ने सम्बन्धमा ।**

प्रक्रिया पुरा गरी पेश हुन आएको देहायको फर्म/कम्पनीलाई बेसीशहर नगरपालिकाबाट प्रदान गरिने घ वर्गको निर्माण व्यवसायी इजाजत्र पत्र प्रदान गर्ने निर्णय गरियो ।

**देहाय :**

(क) एभरेष्ट निर्माण सेवा, बेसीशहर नपा- ४, (प्रो. श्री कर्ण बहादुर गुरुङ, मो ९८४६५०४९२९)

**निर्णय नं. १६ : विजेता खेलाडीहरुलाई सम्मान सम्बन्धमा ।**

राष्ट्रपति रनिङ शिल्ड खेलकुँद प्रतियोगितामा जिल्लाबाट छनौट भई पोखरा तथा काठमाण्डौमा सञ्चालन भएका प्रतियोगतामा यस बेसशहर नगरपालिकाबाट पदक जित्न सफल खेलाडीहरुलाई एक कार्यक्रमका विच सम्मान गर्ने निर्णय गरियो ।